आर्थिक वर्ष २०७७/०७८ को

# बार्षिक नीति तथा कार्यक्रम

मेल्लेख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

विन्धेवासिनी, अछाम

सुदूरपश्चिम प्रदेश

सभाका अध्यक्ष ज्यू,
प्रमुख अतिथि, अतिथि, सभासदज्यूहरु, कर्मचारी, पत्रकार र सुरक्षाकर्मी मित्रहरु

गणतन्त्र नेपालको पहिलो स्थानीय निर्वाचनबाट निर्वाचित भएको तीन वर्ष पुगेको यो अवसरमा सर्वप्रथम लोकतन्त्र र गणतन्त्र प्राप्तिको आन्दोलनमा जीवनको वलिदान गर्नु हुने सम्पूर्ण आदरणीय वीर अमर शहिदहरुप्रति श्रद्धाञ्जली तथा सम्मान व्यक्त गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड १९) ले हाम्रो देश र गाउँपालिकाका बस्तिहरुमा पनि प्रभाव पारिरहेको सबैलाई अवगत नै छ । कोरोनाको महामारीबाट ज्यान गुमाउनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनहरुमा समवेदना र संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

नेपाल सरकारले कोरोना संक्रमणको प्रभावलाई रोक्न २०७६ चैत्र ११ गते देखि गरेको बन्दा बन्दीलाई मेल्लेख गाउँपालिकाले पनि पूर्ण पालना गर्दै आएको छ । तर पछिल्ला केही दिनहरुमा भारत प्रवासमा रहनुभएका दाजुभाई तथा दिदीबहिनीहरुको एकै पटक ठूलो मात्रामा स्वदेश फिर्तिबाट व्यवस्थापनमा असहज भएको छ । **'आफु वचौ र अरुलाई पनि बचाऔं'** भन्ने उद्देश्यकासाथ असहज परिस्थितिमा पनि संयमित तरिकाले क्वारेन्टीनमा वसिदिनु भएकोमा सम्पूर्ण दाजुभाईहरुमा हार्दिक कृतज्ञता गर्दछु ।

गाउँपालिका वाहिरका विभिन्न शहर, भारत प्रवास वा गाउँपालिकाको राहत कोषमा सहयोग गर्नुहुने व्यक्ति वा संघ संस्था जो-जसले सहयोग गऱ्यौं, सह्राहनीय छ र सबैजना धन्यवादका पात्र हुनुहुन्छ ।

भारतमा न्यून वैतनिक काम गर्ने हाम्रा नागरिकहरुको अवस्था ज्याला नपाउने, बस्ने कोठा नहुने र अन्तमा खानाका लागि खाद्यान्न समेत नपाउने अवस्था आएर रोएका अत्यन्त दयनीय दृश्य र घटना समेतले सबैको मन पोलेको हुनुपर्दछ । खुल्ला सिमाना र भारतले आफ्ना नागरिकलाई रेल यातायात खोल्ने र प्रवासीहरुले जान चाहेमा जान दिने नीति अघि सारेपछि हाल सिमाना देखि हाम्रो गाउँपालिका लगायत विभिन्न स्थानीय तहमा क्वारेन्टीन व्यवस्थापन, खाद्यान्न, एकान्त कक्ष, औषधी, परीक्षण मेसीन र कीड आदिको असीमित दवाब एकैचोटी पर्न गएको छ । नेपाल सरकारको नीति तथा स्थानीय तहलाई प्राप्त निर्देशन अनुसार हामीलाई उपलव्ध बजेटका आधारमा र हाम्रो क्षमताले भ्याएसम्म व्यवस्थापन गर्ने कार्य भैरहेको छ । संक्रमण नियन्त्रण तथा उपचारमा अग्रपंक्तिमा ज्यानको प्रवाह नगरी अहोरात्र खट्नु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, कर्मचारी लगायत सबै सहयोगीहरु प्रति सम्मान तथा आभार प्रकट गर्न चाहन्छु ।

कोरोना महामारीका कारण विश्वका विकसित शक्ति राष्ट्रहरुमा समेत व्यवस्थापनमा समस्या उत्पन्न भई अर्थतन्त्र ओरालो वा ऋणात्मक हुने विश्व बैंक लगायत अन्तरराष्ट्रिय संघ संस्थाहरुको अनुमान अनुसार र यही जेठ १५ गतेको नेपाल सरकारको बजेट वक्तव्यको योजना अनुसार पनि हामी समेत प्रभावित हुने र हाम्रो मुलुकको वास्तविकता अनुसार र अहिलेको प्राथमिकताका आधारमा नीति तथा कार्यक्रम तयार गर्नु पर्ने बाध्यात्मक अवस्थामा छौं ।

महामारीको शुरुवाती चरणमा सचेतना फैलाउने मास्क, साबुन वितरण गर्ने तथा बन्दा बन्दीमा बजार खुल्ला नगर्न, कम्तीमा एक मीटरको दुरी कायम गरी कृषि कार्य गर्न प्रहरी तथा जनप्रतिनिधिहरु मार्फत माइकिङ गराउने काम समेत भएको थियो । त्यसैगरी केही व्यक्तिलाई संक्रमण भएर एकान्त कोठामा राख्नु पर्दा आवश्यक कपडा, तातोपानी तताउने जग, बाल्टीन, वाइरिङका सामान लगायत पनि खरिद गरिएको छ । हाल

संक्रमितको संख्या समेत बढ्ने संकेत देखिइसकेपछि अस्पताहरुमा बढी समस्या भएकालाई मात्र राखिने भएकोले सामान्यलाई सम्वन्धित गाउँ/नगरपालिकाहरुले नै व्यवस्थापन गरी राख्ने निर्देशन आएपछि थप कठिनाई पैदा भएको छ । एकान्त कोठामा राखिने संक्रमितहरुका लागि आवश्यक सामान, स्वास्थ्यकर्मीहरुका लागि व्यक्तिगत सुरक्षाका उपकरण, द्रुतगति परीक्षण कीट र लुगाहरु समेत स्थानीय बजारमा उपलव्ध नहुने भएकोले बाहिरबाट सार्वजनिक खरिद ऐनका निर्दिष्ट सिमा अनुसार खरिद गरी मगाउने काम भैरहेको छ ।

भारतबाट यातायात खुला भएपछि नेपाल प्रवेश गर्ने नागरिकहरुको संख्या एक्कासी बढ्न गएकोले बन्दाबन्दीको बेला सिमानाबाट र साँफे बगरबाट समेत मेल्लेख गाउँपालिकाका विभिन्न बस्तिहरुमा ल्याउन यातायातका साधन बन्द भएका, ट्याक्टरवालाले समेत ढुवानी गर्दा कोरोना संक्रमणको त्रासले अप्ठेरो मान्ने परिस्थितिमा कठिनाई पूर्वक विद्यालयका भवनहरुमा निर्माण गरिएका क्वारेन्टीनहरुसम्म राखिएका छन् । क्वारेन्टीनको संख्या ३४, हालसम्म क्वारेन्टीनमा बस्नेको संख्या २२०२ जना, आर.डी.टी प्रविधिवाट चेक १६९६ जना र पिसिआर प्रविधिद्वारा चेक ३८३ जना रहेको छ, संक्रमितको संख्या ४८ जना रहेका छन् भने निको भएर घर जानेको संख्या ८ जना रहेका छन् । एकान्त राखिएका मध्य पालिका अर्न्तगत वडा नं.४ मा २३ जना, ५ मा १४ जना र जिल्ला अस्पतालमा २ जना आइसोलेशनमा रहेका छन् । भौतिक संरचना, जनशक्ति र साधनश्रोतको अभावको कारण व्यवस्थापन गर्न कठिनाई भइरहेको छ । यस विषम परिस्थितिमा प्रवास र काठमाण्डौ. लगायत देशका विभिन्न स्थानबाट नागरिकहरुको गाउँपालिकामा आउने क्रम जारी छ । व्यवस्थापनमा खाद्यान्न, नुन, सावुन, मसाला, तेल र वडा सम्मको ढुवानी खर्च लगायत गाउँपालिकाले गरेको छ भने क्वारेन्टीनमा आवश्यक व्यवस्थापन बत्ति, खानेपानी, दाउरा भान्छे र रेखदेख वडा कार्यालयले गरेको छ ।  तथापी भाँडाकुँडा र विछ्यौना आफ्नै घरबाट व्यवस्थापन गर्न अनुरोध गरिएको छ ।

वन्दा वन्दीको कारणले पूर्वाधार विकासमा ठूलो असर गरेको छ । त्यसको बाबजूद सामाजिक दूरी कायम गरी हाल निर्माणाधिन साँफे-नन्देगडा-ऋषिदह सडकको नन्देगडामा स्तरोन्नति र सोडषा खण्डको सडक चौडाई बढाउन काम भइरहेको छ । मष्टामाण्डौ, हात्तिकोट, कुस्कोट हुँदै ठाँटी ऋषिदहको सडक स्तरोन्नतीको लागि सडक डिभिजन कार्यालय साँफेवगरद्वारा टेन्डर भइसकेको, ठाँटी-ऋषिदह सडकको दर्वाबाट काँटीसम्म पहिलो कटान सम्पन्न भएको छ । त्यस्तै गाउँपालिकाको कार्यालय भवन, वडा नं.२ र ७ को वडा कार्यालय भवन, १५ सैयाको अस्पतालको भवन, ग्रामिण उद्योगको भवन र वडा नं. ४, ५ र ३ सम्म राष्ट्रिय लाइन विस्तारको लागि टेण्डर भइसकेका छन् भने नन्देगडा स्थित बाढी पीडितहरुका लागि आवास भवनहरु निर्माणधिन रहेका छन ।

वडा नं १ को गोपालेगाउँ मा.वि.को भवन, मष्टामाण्डौ प्रा.वि.को चारकोठे भवनको निर्माण अन्तिम चरणमा र ब्रह्मदेवस्थली प्रा.वि.धामीगाउँ भवनको टेन्डर गरी सम्झौता भई काम भइरहेको छ । वडा नं २ को नन्दामाता मा.वि ऋषिदहमा २ वटा भवन निर्माणधिनमा रहेका छन् । वडा नं. ३ को पिपलचौर मा.वि.मा चारकोठे भवन निर्माणधिन रहेको छ । वडा नं. ४ को बासुकी मा.वि.कुस्कोट, आदर्श नि.मा.वि. कुयडाको भवन निर्माणाधिन र मालिका प्रा.वि. ढोगदिना र दुर्गा प्रा.वि.कुस्कोटको टेण्डर भइसकेको छ । वडा नं. ५ मा अवस्थित जनशिखा क्याम्पस मेल्लेखको एउटा भवन सम्पन्न भै अर्को थप एक भवन निर्माण भैरहेका छ भने खापर प्रा.वि. चौखुट्टेको दुई कोठे भवन निर्माणको अन्तिम चरणमा रहेको छ । वडा नं.६ सोडषा आ.वि नवाघर, कालिका आ.वि. झडिगाउँ, नन्देश्री मा.वि.चारकोठे भवन र एक अधुरो भवनको टेण्डर भै प्रक्रिया अगाडि बढाइएको छ । वडा नं. ७ दुर्गा मा.वि.को अधुरो छात्रवास, मंगलासैनी नि.मा.वि को अधुरो भवन निर्माणाधिन र जानकी नि.मा.वि.गल्याकोटको टेण्डर गरी सम्झौता भइसकेको छ ।

गाउँपालिकाको लगानी तथा ग्रामिण खानेपानी तथा श्रोत व्यवस्थापन परियोजना/रुडेक (RVWRMP) को प्राविधिक सहयोगमा वडा नं. १ र २ ऋषिदह र हातिकोटका एक घर, एक धारा प्रणालीको स्वच्छ खानेपानी

योजना सम्पन्न भै वडा नं ६ को माडिगडामा  खानेपानी निर्माण कार्य भैरहेको छ । वडा नं ६ को नवाघरमा जिल्ला प्राविधि कार्यालयबाट अनुदान प्राप्त भै कार्य सम्पन्न हुने चरणमा रहेको छ । मेल्लेख वजार खानेपानीको निर्माण कार्य भइरहेको छ । केही सिँचाईंका परियोजनाहरु र अन्य निर्माण कार्यहरु पनि सम्पन्न भएको र हुने क्रममा छन् । जिल्ला भूसंरक्षण कार्यालयसँगको सहकार्यमा वडा नं. १, २ र ६ मा भैरहेका वृक्षारोपण, पुनरभरण पोखरी, गह्रा सुधार लगायतका केही साना परियोजनाहरु निर्माण सम्पन्नको अन्तिम चरणमा छन् ।

विश्वभरी महामारिका रुपमा देखिएको कोभिड १९ को संक्रमण तत्काल सामान्य अवस्थामा आउने नदेखिएकोले यस असरलाई न्यनिकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौति हो । यो परिस्थितिमा हाम्रा आवश्यकता र प्राथमिकताहरु पनि वदलिएका छन् । कोभिड १९ को असरबाट सिर्जित आवश्यकताहरुको पहिचान गरी सोही अनुरुपको नीति तथा कार्यक्रमहरु वजेटमा प्राथमिकतासाथ राख्न जरुरी छ ।

**बार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु**

**वार्षिक योजना तथा वजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार लिइएको छ ।**
१) नेपालको संविधान
२) स्थानीय सरकार संचालन ऐन, २०७४
३) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
४) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
५) स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
६) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
७) स्थानीय तहको मध्यकालिन खर्च संरचना
८) श्रोत साधन
९) विकासका अन्तरसम्बन्धित विषयहरु
१०) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
११) संघीय र प्रदेश सरकारले जारी गरेका विभिन्न निर्देशनहरु

**वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु**

**गाउँपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिएको छ ।**
१) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
२) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
४) स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
५) स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
६) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
७) लैङ्गिक  समानता र सामाजिक, समावेशिकरण अभिबृद्धि हुने,

८) दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
९) दक्ष जनशक्ति परिचालन गरी रोजगारीमूलक क्षेत्रमा जोड दिने,
१०) वहुक्षेत्रीय पोषणलाई विशेष ध्यान दिइनेछ ।

**विषयगत क्षेत्रहरु**

**(क) आर्थिक विकास**

**कृषि**

१) कडा परिश्रमका वावजुत खेती पाक्ने बेला **असिना पानी र जंगली जनावर**ले खेती नस्ट गर्ने समस्यावाट आजित किसानहरुका लागि कृषि विमा गर्न इच्छुक कृषकहरुको ५० प्रतिशत गाउँपालिकाले व्यहोर्ने र ५० प्रतिशत विमाले व्यहोर्ने गरी सतप्रतिशत कृषि विमा गर्ने व्यवस्था मिलाइने छ ।
२) साना फलफूल व्यावसायिक विकास केन्द्र (फलफूल पकेट) निर्माण गर्न मागमा आधारित ५० प्रतिशत अनुदानमा समुह मार्फत अंगुर, किवी, अनार र दाँते ओखर लगायतका फलफूल कम्तीमा १० हेक्टर मा खेती गर्नको लागि वजेटको व्यवस्था गरिनेछ ।
३) साना तरकारी व्यवसायिक विकास केन्द्र (तरकारी पकेट) निर्माण गर्न मागमा आधारित ५० प्रतिशत अनुदानमा समुह मार्फत कम्तीमा १० हेक्टर क्षेत्रमा खेती गर्नको लागि वजेट विनियोजना गरिनेछ ।
४) साना नगदेवाली व्यवसायिक विकास केन्द्र(नगदे वाली पकेट) निर्माण गर्न मागमा आधारित ५० प्रतिशत अनुदानमा समुह मार्फत अदुवा, अकवरे खुर्सानी, रिठा र टिमुर खेति विस्तार गर्न प्रत्येक वालीको लागि कम्तिमा १० हेक्टरको क्लष्टरहरु निर्माण गर्न पहल गरिनेछ ।
५) वर्षे फलफूल र हिउदे फलफूल ५० प्रतिशत अनुदानमा कम्तिमा १० वटा कृषक समुहलाई ५०० बोटाका दरले वितरण गरिने व्यवस्था मिलाइने छ ।
६) हिउदे तथा वर्षे फलफुल नर्सरी स्थापना गर्नका लागि तालिमको व्यवस्था मिलाइने छ ।
७) बाजो जमिन उपयोग गर्ने नीति अनुरुप बालि विकास कार्यक्रम अर्न्तगत उखु लगायत अन्य खेती विस्तार गर्न कम्तिमा १०० रोपनीमा कृषि गर्ने कृषिकलाई १०० प्रतिशत अनुदानमा विउ र ५० प्रतिशत अनुदानमा सामाग्री वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।
८) खेती योग्य क्षेत्रफल र जमीनको उत्पादन क्षमताको विश्लेषण गरी आलु, लसुन, वदाम, मकै, कोदो, जौ लायतका खेतीको लागि विशेष पहल गरिनेछ ।
९) आफै व्यवसाय गर्न इच्छुक कृषकहरुलाई कृषि यान्त्रिकरणमा ५० प्रतिशत तथा सामाग्री र उन्नत विउ वितरण गरिनेछ ।
१०) कृषिलाई प्राथमिकतामा राखेर जनशक्ति व्यवस्थाको लागि विशेष पहल गरिनेछ ।
११) **तरकारी तथा फलफूल संकलन केन्द्र**को स्थापना गरिनेछ ।
१२) कृषि सहकारी, कृषि समूह, समूहरु मिलेर मागमा आधारित कृषि एम्वुलेन्सको लागि अनुदानको व्यवस्था मिलाइनेछ ।
१३) एक वडा, एक कृषि सहकारी गठनको प्रक्रियालाई प्राथमिकता दिइनेछ ।
१४) बाँझो जमिन उपयोगमा ल्याउने कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।
१५) वडाहरुलाई कृषि उत्पादन र आत्मनिर्भताको आधारमा रातो, निलो र हरियोमा वर्गीकरण गरी लगानीको वातावरण वनाउने ।
१६) वाँझो जग्गाको वस्तु वितवरण तयार गर्ने ।

**पशु**

१) भैसि सुत्केरी भत्तालाई निरन्तरता दिइनेछ ।
२) मासुलाई आत्मनिर्भर वनाउन बाखा पालन व्यवसायलाई अनुदानको व्यवस्था गरिनेछ ।
३) आधुनिक फार्म बनाउन कम्तिमा चार वटा कुखुरा फार्मलाई ४० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ ।
४) अण्डा उत्पादन गर्ने कुखुरा फार्मलाई विशेष अनुदानको व्यवस्था मिलाइनेछ ।
५) आधुनिक व्यवसायिक बाखा पालन तथा तालिमको व्यवस्था गरिनेछ ।
६) पशु रोग पहिचाननकालागि पशु प्रयोगशाला (ल्याब) स्थापना गरिनेछ ।
७) मागमा आधारित आठ वटै वडामा नमूना खोर निर्माण गर्न सहयोग गरिनेछ ।
८) आठ वटै वडामा ५० प्रतिशत अनुदानमा ८ वटा मासु पसल सुधारको कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
९) थप जनशक्तिको व्यवस्था गर्न पहल गरिनेछ ।
१०) लोकल कुखुरा र व्यवसायिक कालिज पालनलाई विशेष प्राथमिकता दिइनेछ ।
११) किसानको लागत मुल्य प्राप्तिको सुनिश्चितताको लागि पशु विमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ
१२) यस आ.व. देखि पशुहरुमा कृतिम गर्भाधानको सुरुवात गरिनेछ ।
१३) एच.आई.भी. पीडित, दलित टुहुरा वालवालिका र अति विपन्न एकल महिलाहरुलाई वाखा अनुदान दिइने छ ।

**उद्योग तथा यातायात**

१) गाउँपालिकामा ग्रामिण उद्योगको टेण्डर भइसकेको र यसको व्यवस्थापनको लागि विशेष जोड दिइनेछ ।
२) जनताले उत्पादन गरेका कोदो, जौ, मकै लगायतका सामाग्रीहरुलाई गाउँपालिकाले खरिद गरी निर्यातको व्यवस्था गरिनेछ ।
३) जनताको आयआर्जनमा वृद्धि गर्न जनताबाट खरिद सामाग्रीहरुलाई ग्रेडिङ गरी गाउँपालिकाको आफ्नै **लोगो** प्रयोगमा ल्याएर प्याकिङ प्रणालीबाट रोजगारी स्थापना गरिनेछ ।
४) उद्योगलाई व्यवस्थित गर्न एउटा **ग्रामिण उद्योग समिति** निर्माण गरी कार्यान्वनयमा ल्याइनेछ ।
५) रोजगारी र आत्मनिर्भतालाई मध्येनजर गरी कच्चा पदार्थको आवश्यकता हेरी हरेक वडामा **कुटानी पिसानी उद्योग** स्थापना गर्न रकम विनियोजन गरिनेछ ।
६) उद्योग मार्फत तेजपत्ता,(दालचिनी) टिमुर, अलैची, नेपाली कागज, लसुन लगायतका सामाग्रीहरु गा.पा.ले खरिद गरी निर्यातको व्यवस्था मिलाइनेछ ।
७) गा.पा.मा यातायातको व्यवस्थापन तथा पारदर्शीता गर्नको लागि **यातायात शाखा** निर्माण गरिनेछ । बस सेवा सञ्चालनको लागि टेण्डर भई अन्तिम चरणमा पुगेको छ ।
८) गाउँपालिकामा **गारमेन्ट उद्योग** स्थापनागरी सम्पूर्ण कर्मचारी, शिक्षक, विद्यार्थी, जनप्रतिनिधिलाई अनिवार्य रुपमा सो उद्योगवाट उत्पादित ड्रेसहरु लिनुपर्ने व्यवस्था मिलाइने । (नीजि क्षेत्रसँग साझेदारीलाई पहिलो प्राथमिकता दिइने छ ।)
९) स्थानीय उत्पादन डोका, नाग्ला, ठेकी लगायतका उत्पादन सामाग्रीहरुलाई अनुदानको व्यवस्था मिलाइनेछ
१०) ढुङ्गा, गिट्टी, बालुवा आदिको पहिचान गरी आन्तिमरिक आयश्रोत बढाउने नीति अवलब्वन गर्ने ।
११) वाँस, काठ, ग्रिल र निगाला उत्पादन तथा वितरणको लागि पहल गरिनेछ ।
१२) संचालित उद्योगहरुलाई प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ ।

**पर्यटन**

१) पर्यटन तथा प्रवर्द्धनको लागि पर्यटकीय क्षेत्रहरुको पहिचान गरी त्यसको ऐतिहासिक पृष्ठभूमी निर्माणको लागि प्रचार प्रसार गर्न डकुमेन्ट्री तथा व्रोसरहरु निर्माण गर्न वजेट विनियोजन गरिने छ ।

**सहकारी**

१) सहकारी संस्था रजिष्ट्रेसन, एकीकरण, विभाजन, विघटन र खारेजी गर्ने ।
२) सहकारी संस्थाको निरिक्षण, प्रवर्द्धन, सम्वर्द्धनका लागि आवश्यक सिफारिस गर्ने ।
३) सहकारी क्षेत्रलाई सुदृढ गर्नको लागि तालिमको व्यवस्था मिलाइने छ ।
४) सहकारी संस्थामा आवद्ध सदस्यहरुको आर्थिक स्तर वृद्धि गर्न **एक सहकारी एक उत्पादन** कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गर्ने ।
५) सुदृढ, निरन्तर र ब्यवस्थित सहकारी भवन निर्माणको लागि साझेदारी अनुदानको व्यवस्था गरिनेछ ।

**(ख) सामाजिक विकासः**

**स्वास्थ्यः**

१) आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी १५ वेडको प्रत्येक वडामा एक **स्वास्थ्य सामुदायिक भवन** निर्माणमा वजेट विनियोजन गरिनेछ ।
२) कोभिड १९ को स्वास्थ्य उपचारमा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरुप थप भत्ताको व्यवस्थापन गर्नु साथै थप जनशक्ति र सुरक्षा सामाग्रीको प्रयाप्तताको लागि बजेट ब्यवस्था गरिने छ ।
३) कोभिड १९ को संक्रमण रोकथामको लागि जनचेतनामूलक क्रियाकलापमा बजेट विनियोजन गरिनेछ ।
४) एक एम्वुलेन्सले सेवा दिन गाह्रो भएकोले वडा नं. १, २ र ३ लाई केन्द्रविन्दु बनाई भौगोलिक विकटताको कारण थप साधनको व्यवस्था गरिनेछ ।
५) कोभिड १९ को राहत कोषमा प्रयाप्त रकम विनियोजन गरिनेछ ।
६) खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवालाई प्रभावकारी बनाउन कार्यरत महिला स्वाथ्य स्वयमसेविकालाई थप भत्ता र तालिमको व्यवस्था मिलाइनेछ
७) हाल वडा नं. ३ र वडा नं. ५ मा मात्र ल्याव स्थापना भएकोमा थप ल्याव स्थापना गर्नको लागि पहल गरिनेछ ।
८) समुदायमा विभिन्न रोगको औषधीको उपलब्धता प्राप्तताको लागि **एक फार्मेशी** स्थापना गरिनेछ ।
९) १ जना एम.वि.वि.एस डाक्टरको ब्यवस्थापनको लागि रकम विनियोजन गरिनेछ ।
१०) गा.पा.मा एक आइसोलेसन भवन निर्माण गरिनेछ ।
११) स्वास्थ्य सम्बन्धी संरचना, स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयमसेविकाहरु तथा स्वास्थ्य उपकरणहरुमा लगानी वृद्धि गरिनेछ ।
१२) ठाँटीको दर्वा, वडा नं.२ र वडा नं. ४ को स्वास्थ्य संस्थामा वथिङ सेन्टर संचालनको लागि जनशक्तिको व्यवस्था मिलाइने छ ।
१४) स्वास्थ्य परामर्शका लागि **निशुल्क कल सेन्टर** को स्थापना गर्न पहल गरिनेछ ।
१५) पिसिआर मेसिन खरिदको लागि बजेट विनियोजन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१) मेल्लेख गाउँपालिकका अन्तर्गतका बाँकी वडामा एक घर एक धारा निर्माणको लागि पहल गरिनेछ
२) प्रत्येक वडामा रहेका वजार क्षेत्रमा फोहोर फाल्ने डस्वीनको ब्यवस्थापनको लागि विशेष पहल गरिन्छे ।
३) वडा नं. ३,४,५ र ७ मा साझेदारी संस्थासँग समन्वय गरी खानेपानी व्यवस्थापनको लागि पहल गरिनेछ ।

**संस्कृति प्रवर्द्धन**

१) संस्कृति तथा कला क्षेत्र प्रवर्द्धन गर्नको लागि वजेटको व्यवस्थापन गरिनेछ ।

२) कला संस्कृति जगेर्ना गर्न प्रत्येक वडामा एक समुहमा **जामा, पुतला, हुड्ने र होली** ड्रेसको लागि रकम विनियोजन गरिनेछ ।

**लैङिक समानता तथा सामाजिक समावेशीकरण**

१) महिला हिंसाको अन्त्य गर्न जनचेतनामूलक क्रियाकलापलाई निरन्तरता दिइने छ ।

२) छाउपडी कु प्रथा उन्मूलनको लागि वजेट विनियोजन गरिनेछ ।

३) बालबालिकाहरुलाई प्राविधि विकाससँग जोड्न कम्प्युटर ट्रनिङको व्यवस्था गरिनेछ ।

४) जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तर दिइनेछ ।

५) अपाङ भएका व्यक्तिहरुलाई उपचार र सामाग्रीको विशेष प्याकेज ल्याइनेछ ।

६) छुवाछूतको अन्त्य गर्न दलित लक्षित कार्यक्रमहरुलाई अगाडि बढाइने छन् ।

७) सीप र क्षमतामा वृद्धि गर्नको लागि सीपमूलक तालिमको व्यवस्था गरिने छ ।

८) खेलकुदलाई प्रभावशाली वनाउन खेलाडीहरुलाई प्रक्षिणको व्यवस्था मिलाउने ।

९) सम्पूर्ण युवाहरुलाई विकास निर्माण र उत्पादनमूलक क्रियाकलापमा जोड्न वजेटको व्यवस्था मिलाउने ।

**शिक्षाः**

१) गाउँपालिकामा स्थित प्राविधिक धारका विद्यालयलाई अनुदानको व्यवस्था गरिनेछ ।

२) जनशिखा क्याम्पसको शैक्षिक गुणस्तरवृद्धिको लागि वजेट विनियोजन गरिनेछ ।

३) शिक्षाको नियमितता तथा गुणस्तरको लागि हाल भैरहेको लगानी सकभर यथावत राख्ने र व्यवस्थापनमा पुनरावलोकन गरिनेछ ।

४) सबै विद्यालयमा वालमैत्री खानेपानी धारा र वेन्च निर्माणको लागि बजेट विनियोजन गरिनेछ ।

५) प्रविधि मैत्री तालिमको व्यवस्थापन गरिनेछ ।

६) शैक्षिक गुणस्तर वृद्धिको लागि पुरुस्कृत र दण्डीतको व्यवस्था मिलाइने छ ।

७) अति विपन्न तथा टुहुरा वालवालिहरुलाई आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ ।

८) वालविकासको गुणस्तर वृद्धि गर्न लगानी गरिनेछ ।

९) शिक्षलाई प्राविधिक मैत्री वनाउनको लागि १५ जना शिक्षकलाई आई.सि.टी तालिमको व्यवस्था मिलाइने छ

१०) शैक्षिक गुणस्तरको अनुभव लिन अन्तरदेशीय वा अन्तर विद्यायल भ्रमण व्यवस्था मिलाइनेछ ।

११) आवश्यक शैक्षिक योग्यता अनुसार सिप विकास तालिमको व्यवस्था गर्न पहल गरिनेछ ।

१२) विद्यालयहरुको शैक्षिक, भौतिक, सामाजिक अवस्थाका आधारमा श्रेणीकरण गरी नमूना विद्यालय प्रारुपमा लिनको लागि यसै आ.व. देखि थालनी गर्ने ।

१३) शैक्षिक विज्ञहरुको आतिथ्यमा शैक्षिक भेला गर्न पहल गर्ने ।

**(ग) पूर्वाधार विकासः**

सडक तथा पुल

१) गाउँपालिकाको मुख्य सडक पिचको लागि सम्बन्धित निकायसँग पहल गरिनेछ ।

२) सबै वडाको वडा कार्यालयसम्म मुख्य सडकहरुको स्तरोन्नती गरिनेछ ।

३) नयाँ सडक कटिङ भन्दा स्तरोन्नतिमा जोड दिइनेछ ।

४) सडक निर्माण गर्दा मेशिन भन्दा जनशक्ति प्रयोग गरी रोजगारी सृजना गरिनेछ ।

५) केन्द्र र प्रदेश सरकार तथा अन्य साझेदारहरुसँग योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
६) गाउँपालिकाको लगानी हुने योजनाहरुमा पनि रोजगारमूलक योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
७) विदेशवाट फर्किएको जनसंख्यालाई मध्यनजर गरी प्रधानमन्त्री रोजगार योजना लगायत थप कार्यक्रममा सहभागीता वढाई उत्पादनमूलक काममा लगाउने ।
८) सडक मर्मत कोषको स्थापना गरिनेछ ।
९) आवश्यकताका आधारमा झु.पु निर्माण गरिनेछन् ।

**सिंचाई**

१) आठ वटै वडामा एक/एक श्रोतमा आधारित वृहद् सिंचाइका योजनाहरु निर्माण गर्न पहल भइरहेको छ ।

**भवन तथा सहरी विकास**

१) ६ वटै वडाका वडा कार्यालय भवन निर्माण गर्न पहल गरिनेछ ।
२) सहरी विकास गर्नको लागि एकीकृत वस्ति विकासलाई विशेष जोड दिइनेछ ।
३) तीन पुस्ते लालपूर्जा नभएका अति विपन्न वर्गलाई आवश्यकता हेरी एकीकृत वस्ति निर्माणमा सहयोग गरिनेछ ।
४) गाउँपालिकाको भवन प्रायाप्तताको लागि जग्गा खरिद गर्न रकम विनियोजन गरिनेछ ।

**उर्जा, लघु तथा साना जलविद्युत**

१) विद्युतको केन्द्रीय प्रशारण लाइन गा.पा. भरी विस्तार गरिनेछ ।
२) ग्रामिण उर्जालाई ग्रेडमा जोड्न पहल गरिनेछ ।
३) साना जलविद्युत योजनाको संरक्षण गरिनेछ ।
४) सौर्य उर्जा, वायो ग्याँस र सुधारिएको चुलोको लागि आवश्यक वजेट विनियोज गरिनेछ ।

**सञ्चार**

१) संचार माध्यमलाई व्यवस्थित गर्न संचार डेस्क निर्माण गरिनेछ ।
२) गाउँपालिकामा आई.टी.सेन्टर र ई पुस्तकालयको व्यवस्थापन गर्न पहल गरिनेछ ।
३) गाउँपालिका भरी इन्टरनेट उपलब्धताको लागि पहल भई अन्तिम अवस्थामा रहेको र सो सम्बन्धी थप पहल गरिनेछ ।
४) प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सरकारी कार्यालयहरुमा इन्टरनेटको पहुँचको लागि पहल गरिनेछ ।
५) गाउँपालिकासम्म लेन्डलाइन विस्तारको पहल गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः**

१) वन क्षेत्रलाई संरक्षण गर्न सामुदायिक वनका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
२) जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन गर्न कोषको व्यवस्थापन गरिनेछ ।
३) फोहोरमैला व्यवस्थापन गर्न विशेष जोड दिइनेछ ।
४) विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषको लागि वजेको व्यवस्था गरिनेछ ।
५) पूर्वाधार विकास क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

६) जडिवुटी संरक्षण र प्रवर्द्धनको लागि वजेट विनियोजन गरिनेछ ।
७) सामुदायिक वन वनाउन प्रोत्साह गरिनेछ ।
८) विकास निर्माणका कामहरुको निरन्तरताको लागि प्रत्येक वडामा **सरसफाई तथा मर्मत समिति** गठन गर्ने व्यवस्था मिलाइने छ ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**
१) कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुको सेवा प्रवाहलाई चुस्तदुस्त राख्न सूचना प्रविधिमैत्री बनाउन वजेट विनियोजन गरिनेछ ।
२) सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरिनेछ र प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिनेछ ।
३) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यलाई कडा रुपमा लागु गरिनेछ ।
४) उपभोक्ता समितिमा दोहारिने कार्यको अन्त्य गर्ने ।
५) योजनाको सार्वजनिक सुनुवाईमा प्राविधिक, जनप्रतिनिधि, पत्रकार लायतको अनिवार्य उपस्थिति गराइने नीति अवलम्वन गरिनेछ ।
६) योजना स्थलमा होडिङ्गवोर्ड अनिवार्य राख्ने व्यवस्था मिलाउने ।

**अन्तमा,**
संसार र मुलुककै विषम परिस्थिति निर्माण गरेको कोरोना भाइरस महामारीसँग लड्नइच्छा शक्ति बलियो बनाई एकतावद्ध भएर जुटेको खण्डमा हामी फेरि पनि उठ्ने छौं । कार्यान्वयनका चरणमा रहेका कमजोरीहरुलाई सँच्याउँदै अघि बढ्न हार्दिक अनुरोध गर्दै यस अप्ठेरो बेलामा पनि सहयोग गर्नु हुने नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघसंस्थाहरु प्रति हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । सम्पूर्ण राजनीतिक दलहरु, शिक्षक कर्मचारी तथा आम जनसमुदाय प्रति सहयोग र धैर्यताका लागि धन्यवाद दिंदै, आगामी दिनमा पनि सहयोगको आशा एवम् विश्वास व्यक्त गर्न चाहन्छु । धन्यवाद

## आर्थिक वर्ष २०७७/०७८ को बजेट शिर्षक सहित अनुमानित कूल आय, ब्यायः

**आयः**

| क्र.सं. | वजेट | रकम | कैफियत |
|---|---|---|---|
| **संघीय सरकार** | | | |
| १ | समानिकरण अनुदानः | ९,३२,००,०००। | |
| २ | राजश्य वाँडफाडः | ८,१६,५०,५९०। | |
| ३ | विशेष अनुदानः | १,००,००,०००। | |
| ४ | समपुरक आनुदानः | १,१८,००,०००। | गाउँपालिकाले समपुरकमा छुट्याउनुपर्ने रकम |
| ५ | सशर्त अनुदानः | १८,१७,००,०००। | |
| जम्मा | | ३७,८३,५०,५९० | |

| क्र.सं. | वजेट | रकम | कैफियत |
|---|---|---|---|
| **प्रदेश सरकार** | | | |
| १ | समानिकरण अनुदानः | ६९,६०,०००। | |

| | | | |
|---|---|---|---|
| २ | सवारी साधन कर | १४,३९,०००। | |
| ३ | विशेष अनुदानः | ६८,००,०००। | |
| ४ | समपुरक आनुदानः | १,४६,४०,०००। | गाउँपालिकाले समपुरकमा छुट्याउनुपर्ने रकम |
| जम्मा | | २,९८,३९,०००। | |
| | | | |
| १ | आन्तरिक श्रोत | ३०,००,०००। | गाउँपालिकाको अनुमानित आय |
| २ | विश्व वैंक (वडागत विनियोजन) | ५०,००,०००। | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना |
| जम्मा | | ८०,००,०००। | |

| | |
|---|---|
| संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त विनियोजित वार्षिक वजेट जम्मा रकमः | ४१,१९,८९,५९०। |
| आन्तरिक श्रोत र विश्व वैंकको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको अनुमानित रकमः | ८०,००,०००। |

**आ.व. २०७७/०७८ को अनुमानित आय जम्माः ४१,६१,८९,५९०।**

## ब्याय

| क्र.सं. | वजेट | रकम | कैफियत |
|---|---|---|---|
| ब्याय विवरण | | | |
| १ | संघीय समपुरक अनुदान | १,१८,००,०००। | |
| २ | प्रदेश समपुरक अनुदान | १,४६,४०,०००। | |
| ३ | गा.पा. चालु | ४,४३,४२,८७०। | |
| ४ | वडा. चालु | ५३,९८,०००। | |
| ५ | गा.पा. पुंजी | ५,९५,००,०००। | |
| ६ | कृषि शाखा | ७३,२०,०००। | |
| ७ | पशु शाखा | ५३,४५,०००। | |
| ८ | स्वास्थ्य शाखा | १,१४,४२,२००। | |
| ९ | शिक्षा शाखा | १,६८,२२,३८०। | |
| १० | लक्षित कार्यक्रम | ४४,८०,०००। | |
| ११ | वडागत विनियोजित वजेट | ३,१८,२२,३८०। | विश्व वैंकको सहयोग सहित |
| | जम्मा | २०,१५,४०,६३०। | |
| अपुग रकम | | १,०२९,१०४०।। | खर्च संचित कोषबाट |